तानसेन नगरपालिका
कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# तानसेन नगरकार्यपालिकाको कार्यालयको
# कर तथा शुल्क संकलन सम्बन्धि सिलवन्दी
# वोलपत्र आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति: २०८०।०९।१७

तानसेन नगरपालिकाको आन्तरिक आय तथा आय (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ दफा ३ बमोजिम तानसेन नगरपालिका वडा नं. ६ मा पर्ने टुडिखेल मैदानमा २०८० फागुन महिनामा आयोजना गरिने ११ दिने "कृषि, रोजगार, पर्यटन र व्यपार तानसेन महोत्सव २०८०" को संचालन तथा व्यवस्थापन र तोकिएको दररेटमा कर तथा शुल्क संकलनको लागि ३० दिनको म्याद राखी यो वोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । योग्य, ईच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रित पूर्वक बोलपत्र पेश गर्नु हुन अनुरोध गरीन्छ ।

१. वोलपत्रचाहने फर्म/कम्पनीले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएका दस्तुर तिरी वोलपत्रफारम खरिद गर्न सकिने छ ।
२. वोलपत्रफारम खरिद गर्ने मिति : सुचना प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समय भित्र ।
३. सिलवन्दी वोलपत्रदाखिल गर्ने मिति : आ.व. २०८०/०८१ सम्मका लागि नवीकरण भएको संस्था/फर्म/कम्पनीको ईजाजतपत्र, स्थायी लेखा नम्वर/मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, २०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै खरीद भएको वोलपत्र साथ संलग्न गरी सुचना प्रकाशन भएको मितिले ३१औं दिनको १२ बजे सम्म । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समय भित्र रितपुर्वक पेश गर्नु पर्नेछ ।
४. वोलपत्रखोल्ने समय: सूचना प्रकाशित भएको मितिले ३१औं दिनको २ वजे वोलपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिने छ । वोलपत्रदाता उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।
५. प्राप्त सिलवन्दी वोलपत्रस्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
६. वोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक/कवोल अकंको ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र बाकी ५०% रकमको लागि नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त वाणिज्य बैंकको जमानी पत्र (परफरमेन्स वण्ड) मिति २०८० साल असार मसान्त सम्म म्याद भएको वैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ ।
७. वोलपत्र स्विकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा वोलपत्रदाताको हुनेछ ।
८. तोकिएको दर तानसेन नगरपालिकाको आर्थिक ऐन, २०८० एवं कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।
९. ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।
१०. ठेक्का अवधि कार्यादेश पाएको मिति देखि महोत्सव संचालनको अवधि सम्मको लागि मात्र हुने छ ।
११. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का संझौता गर्नु अगावै पेश गर्नु पर्ने बैंक जमानत वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका वोलपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।
१२. वोलपत्रदाखिला गर्दा कवोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत रा.बा.वैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. ३०३०१००३०३०००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।

मधुसुदन घर्ती
वरिष्ठ अधिकृत

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

१३. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिका कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

बोलपत्र विवरण

| ठेक्का नं. | कामको विवरण | न्युनतम ठेक अंक रु. | बोलपत्रदस्तूर | कैफियत |
|---|---|---|---|---|
| ER/ 06/080/081 | "कृषि, रोजगार, पर्यटन र व्यपार तानसेन महोत्सव २०८०" को संचालन तथा व्यवस्थापन र तोकिएको दररेटमा कर तथा शुल्क संकलन | रु. ४५,००,०००। | रु. ३०००।०० | बोलपत्र |

मधुसुदन घर्ती
वरिष्ठ अधिकृत
सातौं तह

तानसेन नगरपालिका कार्यालय
जीवन ज्ञवाली
प्रमख प्रशासकीय अधिकृत